बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
## सञ्चार रजिष्ट्रारको कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

# जनचेतनामूलक प्रचार सामग्री प्रसारणका लागि निवेदन दिने सूचना

### दोश्रो पटक सूचना प्रकाशित मिति २०८१/१२/२१

लोककल्याणकारी विज्ञापन र जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण सम्बन्धि कार्यविधि, २०८१ स्वीकृत भएको मिति (२०८१/१२/०३) सम्म बागमती प्रदेश सरकारबाट इजाजतपत्र प्राप्त एफ.एम. रेडियो, केबलमा आधारित टेलिभिजन र अनलाइन सञ्चारमाध्यमलाई सो कार्यविधिको दफा ५ र सोही कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा पहिलोपटक नयाँ पत्रिका राष्ट्रिय दैनिकमा मिति २०८१/१२/०६ मा १५(पन्ध्र) दिन भित्र फाराम भरी निवेदन दिन सूचना प्रकाशित गरिएको थियो । उक्त अवधिमा निवेदन दिन छुट भएका माथी उल्लेखित सञ्चारमाध्यमले सोही कार्यविधिको दफा ५ को उपदफा (३) बमोजिम दर्ता शुल्कको पच्चीस प्रतिशत बिलम्ब शुल्क बुझाई थप ७(सात) दिन भित्र आवेदन दिन पुनः अनुरोध गरिन्छ । साथै दर्ता शुल्क बुझाई अनुसूची भरी नपठाएका आवेदकहरुले अनुसूची समेत भरी पठाउन हुन अनुरोध गरिन्छ ।